REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

1840 HRS 22/10/2025

## CM-Birthday message to HM

मुख्यमन्त्री प्रेमसिंह तामाङले आज केन्द्रीय गृहमन्त्री अमित शाहलाई उहाँको जन्मदिनको हार्दिक शुभकामना दिनुभएको छ। शुभकामना सन्देशमा उहाँले गृहमन्त्रीलाई दूरदर्शी राजनेता जसको अथक समर्पण र दृढ नेतृत्वले देशको विकास र समृद्धिमा ठूलो योगदान पुऱ्याएको उल्लेख गर्नुभयो। उहाँले भन्नुभएको छ, "तपाईँलाई सुस्वास्थ्य, जोस र प्रतिबद्धताका साथ राष्ट्रको सेवा गर्न निरन्तर ऊर्जा मिलोस्।" यसअघि, प्रधानमन्त्री नरेन्द्र मोदीले पनि गृहमन्त्री अमित शाहलाई जन्मदिनको हार्दिक शुभकामना व्यक्त गर्दै, श्री शाह जनसेवाप्रतिको समर्पण र मेहनती स्वभावका लागि व्यापक रूपमा प्रशंसनीय रहेको बताउनुभयो।

## Hali Tihar

यमपञ्चक अर्थात् तिहारको आज चौथो दिन हली तिहार राज्यभरि धुमधामसित पालन गरिँदैछ। आज बिहान मानिसहरूले आफ्नो खेतबारी जोतेर घरलाई अन्नपूर्ण बनाउन अहम् योगदान दिने गोरुको पूजा अर्चना गरे। यसरी आज गोबरधन पूजा पनि गरियो। गोरु पूजा अनि गोबरधन पूजापछि आज दिनभरि नै गाउँघरमा देउसी खेल्नेहरूको लहर लागेको छ।

## Sikkim-Tourism Dept- NHIDCL

सिक्किम पर्यटन तथा नागरिक उड्ड्यन विभागलले NHIDCL प्रति राष्ट्रिय राजमार्ग-१० को मर्मत-सम्भार र बढोत्तरीका लागि युद्धस्तरमा काम गरिरहेकामा आभार व्यक्त गरेको छ तर यो राजमार्ग ससाना काम र अवरोध आउँदा पनि कुनै पूर्व सूचना नदिई अचानक बन्द हुने भएकाले यसप्रति चिन्ता व्यक्त गर्दै NHIDCL लाई पत्राचार गरेको छ। पत्रमा बताइएको छ, विगत एक वर्षदेखि NH-१० मा सडक अवरोध र बन्दको घटना र अवधि दुवैमा वृद्धि भएक ाले यो चिन्ताको विषय बनेको छ। यी बन्दहरू प्रायः साना कामका लागि र पूर्व सूचनाबिना नै गरिन्छन्, जसले गर्दा सिक्किमका मानिसहरू र पर्यटन क्षेत्रक ा लागि आवागमनमा अत्यन्तै कठिन ाइ उत्पन्न हु ँदछ, जुन यस महत्त्वपूर्ण राजमार्गको सुचारु

सञ्चालन, योजना र कुशलतापूर्वक सञ्चालनमा धेरै निर्भर छ। विभागले यस समस्याप्रति NHIDCL को ध्यानाकर्षण गराउँदै, यसको समस्याप्रति ध्यान दिन अनुरोध गरेको छ।

## Indian Army Operation

21 अक्टोबर राति, भारतीय सेना र आसाम राइफल्स युनिटहरूद्वारा सुरु गरिएको अपरेशनमा, अरुणाचल प्रदेशको नामसाई जिल्लाको MS-6 क्षेत्रमा आतङ्ककारीहरूसँग मुठभेड भएको छ। उज्यालो हुनासाथ गरिएको खोजीमा उल्फा वानका एस.एस सर्जेन्ट मेजर इवोन एक्सोम क्याडरको मृत शरीर, एउटा राइफल, एउटा आरपीजी राउन्ड र तीनवटा झोला फेला परेका छन्। अपरेशन अझै जारी छ। सुरक्षा बलका थप स्तम्भहरू पनि पुलिस र सीआरपीएफमा समावेश गरिएको छ।

## Festivals-New Delhi Railway Station

यस उत्सवको मौसममा नयाँ दिल्ली रेलवे स्टेशनले नयाँ रूप र नविन दक्षताका साथ यात्रुहरूलाई स्वागत गरिरहेको छ। पालिस गरिएको भुइँ, डिजिटल साइनबोर्ड, सफा शौचालय र स्वचालित टिकट भेन्डिङ मेसिनहरूले यात्रुहरूले पहिले लामो लाइन बस्नुपर्ने समस्या हल गरिदिएका छन्। अनलाइन टिकट भेन्डिङ मेसिन र यात्रुमैत्री हेल्पडेस्कहरू सहित उन्नत सुविधाहरूले सुसज्जित नयाँ दिल्ली रेलवे स्टेशनको नयाँ खण्ड आरक्षित र अनारक्षित दुवै यात्रुहरूलाई सजिलैसँग सम्हाल्नका लागि तयार छ। एकै पटकमा लगभग ७ हजार यात्रुहरूलाई समायोजन गर्न तयार पारिएको यो स्थायी होल्डिङ क्षेत्रले देशको सबैभन्दा व्यस्त उत्सवको मौसममा भीड प्रबन्धन गर्न महत्त्वपूर्ण भूमिका खेल्नेछ। यसले पूर्व-बोर्डिङ आराम र कुशल भीड प्रबन्धन प्रदान गर्दछ, जसले सबै यात्रुहरूक‍ा लागि सहज यात्रा सुनिश्चित गर्दछ। यात्री सुविधा केन्द्रमा प्रि-टिकटिङ २,८६० वर्गमिटर, टिकटिङ १,१५० वर्गमिटर र प्रस्थान १,२१८ वर्गमिटर गरी तीन क्षेत्रहरू छन्। यात्रुहरूका लागि आफ्नो रेलको प्रतीक्षा गर्न बेन्चहरू राखिएका छन् र तीमध्ये कुनै पनि सीट वा बर्थ आरक्षित गरिएको छैन। यात्री सुविधा केन्द्रमा पर्खनु बिल्कुल नि:शुल्क छ।

## Weather

स्थानीय मौसम विज्ञान विभागले दिएको रिपोर्टअनुसार बितेको चौबिस घण्टाभित्र गान्तोक र वरपर क्षेत्रका अधिकतम तापमन 24.3 डिग्री सेल्सियस र न्यूनतम तापमन 14.3 डिग्री सेल्सियस रेकर्ड गरियो। विभागले भोलि अधिकतम तापमान 24 डिग्री सेल्सियस र न्यूनतम तापमान 14 डिग्री सेल्यिस रहने पूर्वानुमान गरेको छ।